# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४१९ *मिति :-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- **क्रेडिट कार्ड सम्बन्धी व्यवस्था वारे ।**

महाशय,

विदेश (भारत बाहेक) भ्रमणमा जाने व्यक्तिहरूको लागि निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्राको क्रेडिट कार्ड जारी गर्न सक्ने तथा क्रेडिट कार्डमा कारोवार गर्दा देहाय वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **क्रेडिट कार्ड पाउन ग्राह्य व्यक्तिहरू :**

क्रेडिट कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्थाहरूले आ-आफ्नो निर्धारित प्रक्रिया पुरा गरी क्रेडिट कार्ड पाउन आवेदन दिएका निवेदकहरूलाई क्रेडिट कार्ड दिन सक्नेछन् । यस्ता व्यक्तिहरू नेपाली नागरिकहरू तथा परिवर्त्य विदेशी मुद्रा खाता भएका विदेशी नागरिकहरू दुवै हुन सक्नेछन् । यसरी जारी हुने क्रेडिट कार्डहरूको म्याद, खर्चको सीमा आदि शर्तनामाहरू कार्ड जारी गर्ने सम्बन्धित बैंक/वित्तीय संस्था आफैले तोक्न सक्नेछन् ।

२. **क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान :**

क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान निम्न प्रक्रियाबाट गर्नुपर्नेछ ।

(क) क्रेडिट कार्ड अन्तर्गत डेविट कार्ड पनि समावेश हुने ।

(ख) आफूले पाउने सटही सुविधा वापतको बिदेशी मुद्रा नगद वा यात्रु चेकको रुपमा नलिइकन कार्ड होल्डरले क्रेडिट कार्डको माध्यमवाट उपयोग गर्न चाहेमा त्यस्तो कारोवार गर्न सकिने ।

(ग) सम्वन्धित बैंक/वित्तीय संस्थाहरूले चाहेमा प्रचलित व्यबस्थाहरू अन्तर्गत रही पछि परिवर्त्य बिदेशी मुद्रामा नै हिसाव मिलान गर्नु पर्ने सर्तमा अमेरिकी डलर ५,०००.०० (डलर पाँचहजार) सम्म खर्च गर्न सकिने गरी क्रेडिट कार्ड जारी गर्न सकिने ।

(घ) नेपालको बैंक/वित्तीय संस्थाहरूमा परिवर्त्य विदेशी मुद्रामा खाता भएका व्यक्तिहरूले आ-आफ्नो खाताबाट भुक्तानी गर्न सक्नेछन् ।

(ङ) निर्यात तथा पर्यटन क्षेत्रबाट परिवर्त्य विदेशी मुद्रा आर्जन गरी प्रचलित व्यवस्था अनुसार नेपालको बैंक/वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्राको आर्जन खाता खोलेका निकायहरूले आ-आफ्ना पदाधिकारीहरूलाई त्यस्तो खाताबाट खर्च हुने गरी क्रेडिट कार्ड उपलब्ध गराएका केसहरूको हकमा त्यस्तो खाताबाट खर्चको हिसाव मिलान गर्नुपर्नेछ । यसरी खर्च गर्दा खर्चको सीमाको हकमा प्रचलित व्यवस्था अन्तर्गत रही गर्नुपर्नेछ ।

(च) परिवर्त्य विदेशी मुद्रा खाता नभएका अन्य नेपाली नागरिकहरूको हकमा क्रेडिट कार्ड अन्तर्गत भएको खर्चको हिसाव मिलान कार्ड होल्डरसँग परिवर्त्य विदेशी मुद्रामा नै गर्नुपर्नेछ । यसरी हिसाव मिलान गर्दा भ्रमणको लागि निजले सटही गरेको रकम (राहदानी सुविधा अनुसार) ननाघेको यकिन गर्नुपर्नेछ ।

(छ) कुनै व्यक्तिले भ्रमणको प्रयोजनको लागि नेपाल राष्ट्र बैंकबाट सटही अनुमति पत्र प्राप्त गरेको छ र त्यस्तो व्यक्तिले सो अनुमति पत्रबाट पूर्ण रुपमा सटही नगरेको भए त्यस्तो बाँकी रकमबाट पनि क्रेडिट कार्डको हिसाव मिलान गर्न सकिनेछ ।

(ज) उपरोक्त अनुसार क्रेडिट कार्डबाट खर्च गर्दा पूँजी खाता अन्तर्गत पर्ने कारोवारको लागि भने खर्च गर्न पाइने छैन ।

(झ) नेपाली नागरिकहरूलाई क्रेडिट कार्ड उपलब्ध गराउनु अघि प्रत्येक निवेदकलाई माथि उल्लिखित शर्तहरू पालना गर्नेछु र कथंकदाचित् उल्लिखित शर्तहरू उलङ्घन हुन गएमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) वमोजिम कारवाही हुन मञ्जूर छ भन्ने व्यहोराको कागजात गराउनुपर्नेछ ।

(ञ) क्रेडिट कार्डको भुक्तानी हिसाव मिलान गर्ने प्रक्रियामा कुनै कार्ड होल्डरको तर्फबाट माथि उल्लेखित व्यवस्थाहरू अनुरुप हिसाव मिलान हुन नसक्ने गरी खर्च भएको पाइएमा सो सम्बन्धी सम्पूर्ण विवरणहरू अनिवार्य रुपले यस बैंकलाई जानकारी दिनु पर्नेछ । यसवारे यस बैंकबाट आदेश नदिएसम्म त्यस्तो हिसाव मिलान Freeze गरिराख्नुपर्नेछ ।

३. <u>क्रेडिट कार्ड कारोवार प्रक्रिया सम्बन्धमा</u> :

(क) परिवर्त्य विदेशी मुद्राका क्रेडिट कार्डहरूबाट भुक्तानी स्वीकार गर्ने सबै एजेन्ट/स्थानीय Merchants ले क्रेडिट कार्डबाट भुक्तानी लिँदा बनाउनुपर्ने चार्जेज स्लिप (Charges Slip) प्रचलित विनिमय दर अनुसार नेपाली रुपैयाँमा वा परिवर्त्य विदेशी मुद्रामा हुनुपर्नेछ ।

(ख) नेपालमा क्रेडिट कार्डबाट स्वीकार गरिएका विभिन्न भुक्तानीहरूको पुनः भुक्तानी पूर्ववत् क्रेडिट कार्डका Members/Representatives/Sole Agents ले विदेशस्थित आ-आफ्ना प्रिन्सीपलहरूबाट टेलेक्स ट्रान्सफरको माध्यमद्वारा परिवर्त्य विदेशी मुद्रामा मात्र प्राप्त गर्नुपर्नेछ । यसरी प्राप्त भएको परिवर्त्य विदेशी मुद्रा रकमबाट निजहरूले आ-आफ्ना Merchantsलाई विदेशी मुद्रामा पनि भुक्तानी गर्नसक्ने छन् । यसरी परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्दा भुक्तानी पाउने पक्ष प्रचलित व्यवस्था अनुसार विदेशी मुद्रामा खाता खोल्न ग्राह्य व्यक्ति हुनुपर्नेछ र त्यस्तो भुक्तानी बैंक ट्रान्सफर वा Negotiable Only in Nepal भनी स्पष्ट व्यहोरा उल्लेख भएको एकाउण्ट-पेयी चेकको माध्यमद्वारा मात्र प्रदान गर्नुपर्नेछ ।

(ग) यस बैंकबाट स्वीकृति प्राप्त गरे वमोजिम क्रेडिट कार्डको बदलामा विदेशी मुद्राका यात्रु चेक विक्री गरेको भए सो को शोधभर्ना (Reimbursement) पनि परिवर्त्य विदेशी मुद्रामै लिनुपर्ने छ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक